नियम/दर्ता नं. २९

# मत्स्य उत्पादन कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७६

कार्यपालिका वाट स्विकृत भएको मिति : २०७६।०८।०४

**छथर जोरपाटी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पशुपन्छि शाखा**

## जोरपाटी धनकुटा, १ नं. प्रदेश, नेपाल

# मत्स्य उत्पादन कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७६

पृष्ठभुमी :

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले नेपाललाई मासुमा आत्मानिर्भर भई आयतलाई विस्थापीत गर्ने मुख्य धेयका साथ माछा पालन कार्यलाई व्यवसायीकरुपमा अगाडी वडाई रोजगारी सृजना गर्ने मुख्य उद्देश्यका साथ कार्यक्रमहरु संचालन तथा सम्पादन गरिआएको छ । माछापालन व्यवसायले नेपालको कुल ग्रार्हस्थ उत्पादनमा एक प्रतिशत तथा कृषि क्षेत्रको ग्रार्हस्थ उत्पादनमा तीन प्रतिशतले योगदान पुर्याएको छ । नेपालमा करिव ११ हजार हेक्टर जलासय क्षेत्रफलमा मत्स्य पालन गरि आएको तथ्याङक रहिआएको छ । माछा पालन व्यवसाय प्रति आम कृषक समुदाय तथा युवा जनशक्तीहरुको चाहना वढ्न थालेकाले स्थानीय सरकारको तर्फवाट यस व्यवसायलाई थप प्रोत्साहन सहित वेरोजगार युवा जनशक्तीलाई स्वरोजगार सृजना गर्न, मानव जिवनमा अत्यन्तै आवस्यक प्रोटिनको आपुर्ति गरी वढ्दो कुपोषणलाई न्यूनिकरण गर्न, छिमेकी मित्र राष्ट्रहरु वाट हुने आयतलाई न्यून गरी राष्ट्रिय अर्थतन्त्रलाई थप वलियो वनाउन, साथै कार्यक्रमलाई ब्यावस्थित, सरल, प्रभाबकारी र पारदर्शी रुपमा संचालन सम्पादन गर्न प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को उपदफा ३ को अधिकार प्रयोग गरी छथरजोरपाटी गाउँपालिका स्तरीय ***मत्स्य उत्पादन कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७६*** जारी गरीएको छ ।

**परिच्छेद-१**

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम **मत्स्य उत्पादन कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७६** रहेकोछ ।

ख) यो कार्यविधि छथर जोरपाटी गाउँपालिका बाट स्वीकृत भएको मिति बाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१. “स्थानिय तह” भन्नाले छथर जोरपाटी गाउँपालिका सम्झनु पर्नेछ ।

२.२. “पशुपंन्छि शाखा” भन्नाले छथर जोरपाटी गाउपालिका अर्न्तगत पशुपंन्छि शाखा सम्झनु पर्नेछ ।

२.३. “समिति” भन्नाले स्थानिय तह द्धारा गठीत आर्थिक विकाश समितिलाई सम्झनु पर्ने छ ।

२.४. “कार्यबिधि” भन्नाले **मत्स्य उत्पादन कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७६** सम्झनु पर्नेछ ।

२.५. “साझेदार” भन्नाले कार्यक्रम संचालनका लागी तोकीएका शर्तहरु पालन गर्ने गरी साझेदार गर्न तयार व्यवसायीक कृषक, फार्म संचालक,व्यावसायीक मत्स्य सहकारी तथा समुहहरुलाई सम्झनु पर्दछ ।

२.६. “सम्झौता” भन्नाले कार्यक्रम संचालनका लागी छनौटमा परेका साझेदार व्यवसायीक कृषक, फार्म संचालक, व्यावसायीक मत्स्य सहकारी तथा मत्स्य समुहहरु संग कार्यालयले कार्यक्रम सम्पन्न गर्नका लागि गरिने सम्झौता पत्र लाई सम्झनु पर्नेछ ।

**३. उदेश्यहरु :**

३.१. मत्स्यपालन व्यवसायको प्रवर्द्धन, उत्पादन र उत्पादकत्व बृद्धि गरी राष्ट्रलाई आत्मनिर्भर वनाउने ।

३.२. खाद्य पोषण सुरक्षाको लागी मत्स्य पालनको बिकास, ब्यावसायिकरण गरी आय आर्जन रोजगारीको सृजना गर्ने

३.३. छिमेकी मित्र राष्ट्रहरु वाट हुने आयतलाई न्यून गरी राष्ट्रिय अर्थतन्त्रलाई थप वलियो वनाउने ।

३.४. कार्यक्रमलाई ब्यावस्थित, सरल, प्रभाबकारी र पारदर्शी रुपमा संचालन कार्यन्वयन गर्ने ।

**परिच्छेद-२**

मत्स्य उत्पादन कार्यक्रम संचालन सम्वन्धी व्यवस्था

**४. कार्यक्रममा सहभागी हुन पाउने साझेदार संस्थाहरुको वर्गिकरण :**

४.१. व्यवसायीक निजी फार्म, कृषक, कम्पनीहरु

४.२. मत्स्य व्यवसायीक कृषक समुह, समितिहरु

४.३. मत्स्य उत्पादक सहकारी संघ, संस्थाहरु

**५. अनुदान रकमको उपयोग तथा संचालन गर्न सक्ने क्षेत्रहरु :**

५.१. निर्दिष्ठ साईजका नयाँ मत्स्य पोखरीको निमार्ण ।

५.२. पुरान मत्स्य पोखरीको मर्मत सम्हार तथा वारवन्देज ।

५.३. यो कार्यक्रम छथरजोरपाटी गाउँपालिका भित्र मात्र लागु गरिनेछ ।

**६. कार्यक्रम संचालन तथा कार्यान्वयन सम्वन्धी जिम्मेवारी र दायित्व :**

६.१. प्रस्ताव माग गरी सूचना प्रकाशन, प्रस्तावहरुको कागजातहरु छानविन गरी Screening गर्ने, स्थलगत प्रमाणीकरण, फिल्ड अनुगमन निरीक्षण, कार्य सम्पन्न प्रतिवेदन तयारी, भुक्तानी सम्वन्धी जिम्मेवारी र दायित्व सम्वन्धी अख्तियार प्राप्त शाखाको हुनेछ ।

६.२. सम्झौंता मुताविकको कार्यहरु निर्धारीत समय सिमा भित्र गुणस्तरीय रुपमा सम्पादन गर्ने दायित्व सम्वन्धित साझेदारको हुनेछ ।

६.३. कार्यक्रम संचालनका वखत विषय विशेषज्ञको आवस्यक परेमा सम्वन्धीत शाखा संग समन्वय गरी अन्यनिकायहरु वाट साझेदारले ल्याउन सक्नेछ । साथै सम्झौता पस्चात प्रगती प्रतिवेद सम्वन्धीत शाखामा वुझाउनु पर्नेछ ।

**७. कार्यक्रम संचालन/कार्यन्वयन प्रकृया :**

७.१. सम्वन्धीत शाखाको स्वीकृत वार्षिक कार्यक्रम मुताविक अनुसूची-१ वमोजिम स्थानिय पत्र पत्रिकाहरु, रेडियो लगायत संचारका साधानहरु वाट २१ दिने सूचना प्रकाश गरि प्रस्ताव आव्हान गरिनेछ ।

७.२. कार्यक्रममा सहभागी हुन इच्छुक सूचना प्रकाशन हुनु पुर्व दफा-५ वमोजीम दर्ता भएका प्रस्तापकले अनुसूची-२ वमोजिमको प्रस्ताव आवेदन, अनुसूची-३ वमोजिमको संक्षिप्त व्यवसायीक कार्ययोजना तथा आर्थिक प्रस्ताव अनुसूची-४ वमोजिमको लागत साझेदारी प्रतिवद्धता, पोखरी निमार्ण गरीने कित्ता नं. खुल्ने जग्गा धनि पूर्जाको प्रतिलिपी अन्य आवस्यक कागजातहरु राखी निर्धारित समय भित्र सम्वन्धीत शाखामा आवेदन दर्ता राउनु पर्नेछ

७.३. दफा ७.१ वमोजिम प्रकासित सूचना अनुसार निर्धारित समय भित्र सम्वन्धित शाखामा आवस्यक संख्यामा आवेदन दर्ता हुन नआएमा सम्वन्धित शाखाले ७ दिने सूचना पुनः प्रकाशन गर्न सक्नेछ ।

७.४. रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कार्यवाहि हुने छैन तर दुई प्रस्तावहरु समान अंक भएमा आवेदन दर्ता गर्दा पहिलो भएको प्रस्तावलाई छनौट गरिनेछ ।

७.५. प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट, पहिलो Screening, स्थलगत प्रमाणीकरण (Field Verification)फारम अनुसूची-५, अनुगमन निरीक्षणको समयमा भरि अनुसूची-६ वमोजिमको मुल्याङ्कन फारम साथ प्रस्तापक हरुको प्राथमिकिकरण (प्राप्ताङ्कको आधारमा) निर्धारण सहित यर्थाथ विवरण अन्तिम स्वीकृतका लागी मुल्याङकन उप समितिले आर्थिक विकाश समितिमा पेश गरिनेछ ।

देहाय वमोजिमको ३ सदस्य मुल्याङकन उप समिति रहने छ ।

| | |
|---|---|
| सम्वन्धित विषयगत शाखाका प्रमुख | संयोजक |
| वडा कार्यालयहरु मध्यवाट एक जना प्राविधिक | सदस्य |
| स्थलगत निरिक्षणमा सहभागी भएका प्राविधिक | सदस्य |

७.६. आर्थिक विकाश समितिको स्वीकृत पस्चात (मुख्य र वैकल्पीक) प्रस्तापकको नाम ठेगाना सहित सम्झौताका लागी सम्वन्धित वडा कार्यालयहरु वा स्थानिय संचारका साधानहरु वाट ७ दिने सूचना प्रकाशन गरि जानाकारी गराईनेछ ।

७.७. नतिजा प्रकासीत मितिले ७ दिन भित्र मुख्य प्रस्तावक संग र उक्त समय अवधि भित्र सम्झौंता नभए वैकल्पीक प्रस्तापक संग अनुसूची-७ वमोजीमको सेवा शर्त रहने गरी द्विपक्षी सम्झौंता गरिनेछ ।

**८. कार्यक्रम संचालनका शर्त तथा वन्देजहरु :**

८.१. मत्स्य पोखरी निमार्ण स्थलमा निजि विवाद रहित पानीको स्थाई प्रकृतिको मुल, श्रोत भएको हुनु पर्नेछ ।

८.२. प्रस्तापकले विगत २ वर्ष भित्र मत्स्य पालन सम्वन्धी समान प्रकृतिको कुनै पनि अनुदान कार्यक्रममा सहभागी भएको भए यस कार्यक्रममा सहभागी हुन पाईने छैन ।

८.३. मत्स्यपालन कार्यक्रममा सहभागी हुन लागी कम्तिमा एक रोपनी (५०८ वर्ग मिटर) १.५ मिटर गहिराई क्षेत्रफल भएको स्थाई प्रकृतिको पोखरी निमार्ण गर्नु पर्नेछ ।

८.४. अनुदान प्राप्त गर्ने प्रस्तापकले कम्तिमा १० वर्ष सम्म मत्स्य पालन व्यवसाय संचालन गर्नु पर्नेछ ।

८.५. कुनै लिजको जग्गा भएमा जग्गा धनिले कित्ता नं. खुलाई कम्तीमा १० वर्षका लागी भोग गर्ने लिखित करारनामा गरी दिएमा उक्त जग्गामा पोखरी निमार्ण गर्न सकिनेछ ।

८.६. नयाँपाखरी निमार्ण गर्दा प्रतिरोपनी रु २००००। (अक्षरुपी वीस हजार मात्र) का दरले अधिकतम ३ पोखरी सम्म र पुराना पोखरी मर्मत सम्हार तथा वारवन्देजका लागि रु १००००। (अक्षरुपी दस हजार मात्र) का दरले अधिकतम ३ पोखरी सम्म अनुदान रकम उपलव्ध गराईनेछ ।

८.७. साझेदार पक्षले प्राविधिक लेआउ मापदण्ड अनुरुपको तयारी पोखरी निर्माण पस्चात सम्वन्धित अनुगमन समिति को अनुगमन सम्पन्न भए पछि आवस्यक विल भपाईको चेकजाच गरी राजश्व, कन्टिनजेन्सी नियमनुसारको अन्य करहरु कट्टा गरी वाकी अनुदान रकम साझेदार फार्म, संस्था, समुहको वैक खातामा भुक्तानी गरिनेछ ।

८.८. प्राविधिक मापदण्ड पुरागरी निमार्ण सम्पन्न गरिएको मत्स्यपोखरीहरुमा प्रयोगात्मक सिकाई (Practical) गराई उत्कृष्ठका आधारमा ७५ % अनुदानमा मत्स्य भुरा वितरण गरिने छ ।

**परिच्छेद-३**

मत्स्य उत्पादन कार्यक्रम सम्वन्धी अन्य व्यवस्था

**९. आर्थिक प्रशासन सेवा :**

कार्यक्रमको लेखा, लेखाकंन, लेखापरिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यबिधि ऐन, २०५५ आर्थिक कार्यबिधि नियमावली २०६४, सार्बजनिक खरिद ऐन, २०६३ तथा सार्बजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिने छ ।

**१०. अनुगमन, मुल्यांकन तथा प्रतिबेदन सम्बन्धी ब्यावस्था :**

यस कार्यक्रमको अनुगमन पालिका स्तरिय अनुगमन समिति, केन्द्र सरकार, विषयगत मन्त्रालय, प्रदेश सरकार, पशु सेवा विभाग, गाँउपालिका पशुपंन्छि शाखाले गर्नेछ र सो को मासिक, चौमासिक, वार्षिक प्रगती, प्रतिबेदन सम्बन्धीत निकायहरुमा पठाउनु पर्नेछ ।

**११. कार्वाहिको व्यवस्था :**

प्रस्ताव स्वीकृत भएका समुह सदस्यहरुले आवेदन (परियोजना) र सम्झौंता अनुसारको कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दूरुपयोग गरेको पाइएमा प्रचलित नेपाल ऐन नियम तथा कानुन वमोजिम कारवाही गरी सरकारी रकम वाँकी सरह असुल उपर गरिनेछ ।

**१२. प्रचलित कानुन लागु हुने :**

मत्स्यपालन पोखरी निमार्ण तथा माछा भुरा वितरण कार्यक्रम कार्यान्वयनको सम्वन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही वमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि वमोजिम कार्यान्वयन हुनेछ ।

**१३. खारेजी तथा वचाउ :**

क) छथरजोरपाटी गाउँपालिका पशुपंन्छि शाखा द्धारा मत्स्यपालन पोखरी निमार्ण तथा माछा भुरा वितरण कार्यक्रम संचालनका लागी **मत्स्य उत्पादन कार्यकम कार्यान्वयन कार्यबिधि, २०७६** जारी गरीएकोछ ।

ख) विगत आ.व.वाट मत्स्यपालन, पोखरी निमार्ण तथा माछा भुरा वितरण सम्वन्धी संचालन भई आएका सवै कार्यक्रमहरु यसै वमोजिम भए गरेको मानिनेछ ।

**१४. कार्यविधि संशोधन तथा परिमार्जन गर्न सक्ने :**

१४.१. यो कार्यबिधिको कार्यान्वियनलाई थप ब्यावस्थित र प्रभावकारी बनाउन गाँउपालिकाले आबश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन तथा खारेज गर्न सक्ने छ ।

१४.२. यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागी गाउँपालिकाको वैठकले आवश्यकता अनुसार ब्याख्या गर्न सक्ने छ ।

**अनुसूची-१**

.........................कार्यालय

मत्स्यपालन पोखरी निमार्ण तथा माछा भुरा अनुदान वितरण कार्यक्रमको प्रस्ताव आव्हान सुचनाको ढाँचा

प्रथम पटक प्रकाशित मिति : ......................

यस कार्यालयको आ.व. ......... को वार्षिक स्वीकृत कार्यक्रम मत्स्यपालन पोखरी निमार्ण तथा माछा भुरा वितरण कार्यक्रमको माध्यमवाट स्वरोजगार तथा माछापालन व्यवसायलाई थप प्रोत्साहन सहित वेरोजगार युवा जनशक्तीलाई स्वरोजगार सृजना गर्ने, माछा आयतलाई न्यूनीकरण गरी उत्पादनमा आत्मनिर्भर भई राष्ट्रिय अर्थतन्त्रलाई थप वलियो वनाउने उद्देश्यका साथ नयाँ मत्स्य पोखरी निर्माण तथा माछा भुरा अनुदान वितरण कार्यक्रम रहेको हुदा ईच्छुक छथर जोरपाटी गाउँपालिका भित्र स्थाई वसोवास गर्ने वेरोजगार, अर्ध वेरोजगार युवाहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक युवा साझेदारी कृषक तथा फार्महरुले सम्वन्धित सरकारी निकाय वाट विगत २ आर्थिक वर्ष सम्म सोहि प्रकृतिका नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेकाले समावेश हुनु पाउने छैनन । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१औं दिनको १२.०० वजेभित्र तोकीएको ढाँचा अनुसारको आवेदन फारम सम्वन्धित शाखामा राजस्व वापत रु. ३००। को रसिद काटी दरखास्त पेश गर्नु पर्नेछ । म्याद नाघी वा रितपुर्वक दर्ता गरिएका प्रस्तावहरु माथि कुनै कार्यावाही गरिने छैन । प्राप्त प्रस्तावहरुको प्रस्ताव **मत्स्य उत्पादन कार्यकम कार्यान्वियन कार्यविधि, २०७६** मा उल्लेख भएको मुल्याङ्कनका आधारहरुमा मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक पद्धतिद्धारा सम्वन्धित कृषक, फार्म, सहकारी, समुहहरुलाई पशुपंन्छि शाखाको स्वीकृत वजेट परिधिभित्र रही अनुदान रकम उपलव्ध गराईने व्यहोरा जानाकारी गराइन्छ । पुनस्चः कार्यविधिमा उल्लेख भए मुताविकको आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्नुहुन समेत यसै सूचना द्धारा सुचित गरीन्छ ।

तपसिल :

१. अनुसूची-२ अनुसारको प्रस्ताव आवेदन ।

२. अनुसूची-३ संक्षिप्त व्यवसायीक कार्ययोजना ।

३. अनुसूची-४ वमोजिमको लागत साझेदारी प्रतिवद्धता

४. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

५. अन्य प्रमाणित प्रमाण पत्रहरु (फार्म दर्ता, कर चुक्ता, सम्वन्धित विषयको तालिम, शैक्षिक योग्यता, भाडाका जग्गा भए भाडाको सम्झौता पत्र आदि) प्रतिलिपीहरु ।

**अनुसूची-२**

प्रस्ताव आवेदनको ढाँचा ।

श्रीशाखा प्रमुख ज्यू,
पशुपंन्छि शाखा
छथरजोरपाटी गाउँपालिकाको कार्यालय, धनकुटा ।

विषय : मत्स्यपालन पोखरी निमार्ण तथा माछा भुरा वितरण अनुदान सहयोग उपलब्ध गराई पाउँ ।

महोदय,

उपरोक्त सम्वन्धमा यस गाउँपालिका मिति ........... ...... गतेको ..................... प्रकाशित सूचना अनुसार मलाई उक्त अनुदान सहयोग प्राप्त गरी श्री ...... .................. ले मत्स्यपालन पोखरी निमार्ण तथा माछा भुरा वितरण अनुदान सहयोग कार्यक्रम सहभागी हुने ईच्छा भएकोले निम्न कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धीत गाउँपालिका भित्रै रही कार्य गर्नेछु । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ सम्लग्न राखी यो निवेदन पेश गर्दछु ।

**तपशिल**

१. अनुसूची-२  अनुसारको प्रस्ताव आवेदन ।
२. अनुसूची-३  संक्षिप्त व्यवसायीक कार्ययोजना ।
३. अनुसूची-४  वमोजिमको लागत साझेदारी प्रतिवद्धता ।
४. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
५. अन्य प्रमाणित प्रमाण पत्रहरु (व्यवसाय दर्ता, फार्म दर्ता, कर चुक्ता, सम्वन्धीत विषयको तालिम, शैक्षिक योग्यता, भाडाका जग्गा भए भाडाको सम्झौता पत्र आदि) प्रतिलिपीहरु ।

**निबेदक**

दस्तखत :
नाम :
पद :
फार्म/संस्थाको नाम :
ठेगाना :
मिति :
संस्थाको छाप :

**अनुसूची-३**

संक्षिप्त व्यवसायीक कार्ययोजना तथा आर्थिक प्रस्ताव ढाँचा ।

१. व्यावसायको परिचय :

(क) साझेदार व्यवसायिक फार्म संस्थाको नाम :

(ख) संचालकको नाम थर : संम्पर्क मो.नं.

(ग) ठेगाना :

(घ) नीजि पानीको श्रोतको विवरण कित्ता नं. खुलाई :

(ङ) शैक्षिक योज्ञता :

(च) मत्स्यपालन व्यवसाय सम्वन्धी तालिम/अनुभव :

(छ) व्यवसायको संभाव्यता/उपयुक्तताको विवरण :

(ज) नजिकको माछा खपत हुने वजारको नाम :

(झ) माछापालनका लागी माग गरिएको पोखरी संख्या क्षेत्रफल, अन्य सामाग्रीको विवरण :

| क. सं. | माग गरिएको सामाग्री विवरण | संख्या | माग गरिएको परिमाण | अनुमानित लागत रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | नयाँ पोखरी/पुरानो पोखरी (क्षेत्रफल समेत) | | | | |
| २ | भुरा खरिद | | | | |
| ३ | हासँ तथा ट्युरा | | | | |
| ४ | जाला | | | | |
| ५ | एरिएटर खरिद जाडान | | | | |
| ६ | पेलेट मेशिन | | | | |
| ७ | फिडर | | | | |
| ८ | पा. पायप | | | | |
| ९ | मोटर | | | | |
| १० | अन्य……… | | | | |

(ञ) मत्स्यपालन आर्थिक प्रस्ताव :

| क्र. सं. | संचालन गरिने क्रियाकलाप | संख्या | अनुदान सहयोग | नीजि लगानी | जम्मा लगानी | अवधि |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| | कुल लागत | | | | | |

(ट) उत्पादन अनुमान तथा वार्षिक प्रतिफल :

| क्र. सं. | विवरण | ईकाइ | परिमाण | विक्रिदर रु. | कुल आया रु |
|---|---|---|---|---|---|
| १ | खाने माछा | | | | |
| २ | भुरा माछा | | | | |
| ३ | डिलको हरियो साग सब्जी | | | | |
| ४ | डीलको घास | | | | |
| ५ | हासँ | | | | |
| ६ | अन्य | | | | |
| | कुल | | | | |

(ठ) अन्य नयाँ केही कार्य गर्ने भए उल्लेख गर्ने : ............................. ............................... .....................

दस्तखत :

नाम : फार्मको छाप :

पद : मिति :

फार्मको नाम :

**अनुसूची-४**

लागत साझेदारी प्रतिवद्धता

श्री छथरजोरपाटी गाउँपालिका पशुपंन्छि शाखाको मिति २०७.......... गते प्रकाशित सूचना अनुसार श्री ............... ................ छथरजोरपाटी गा.पा. ........ का तर्फ वाट संचालक श्री .....................ले लागत साझेदारमा .................... ......................... कार्यक्रम संचालनका लागि पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लागानी रु. ........................ को २५ प्रतिशतले हुन आउने रु ................... .... (अक्षरेपी .......................... ............................ रुपैया मात्र) वरावरीको लगानी आफ्नो आन्तरीक श्रोतवाट वेहोर्ने गरी कार्यक्रम सम्पादन गर्ने प्रतिवद्धता जाहेर गर्दछु/छौं ।

इति सम्व्त २०७ साल ......., .....गते रोज ...... शुभम् ।

निवेदकको

नाम : .................

पद : कृषक/संचालक

दस्तखत :

मिति : २० । ।

संस्थाको छाप :

| दायाँ | वायाँ |
|---|---|
| | |

**अनुसूची-५**

स्थलगत प्रमाणिकरण (Field Verification)फारम

१ फार्म/संस्थाको नाम : ........................................................ .......................................

२ फार्म संचालकको नाम : ................................................. .............................................

३. ठेगाना : ........................................................................... ......................................

४. मत्स्यपालन सम्वन्धी विवरण :

पुराना पोखरी संख्या ................. वार्षिक उत्पादन माछा ................... के.जी.

नयाँ पोखरी माग संख्या .............. वार्षिक उत्पादन माछा ................... के.जी.

पालिआएको हासँको संख्या ................ ................... ..................... ..............

पालिआएको वंगुरको संख्या .................... ...................... ..............................

पालिआएको गाई भैसीको संख्या .................. ....................... .......................

५. व्यवसाय संभाव्यता/उपयुक्तता :

क) पानीको नीजि श्रोत :

ख) जग्गाको अवस्था : नीजि, भडा, भिरालो, खोल्सा, सम्मा टाहारी

ग) माटोको अवस्था :

घ) वाडी पहिरोले सभ्फिलै क्षतिपुचाउन सक्ने अवस्था :

ङ) कार्यक्रम संचालन गर्दा अन्य समुदायलाई पर्न जाने असर/विरोध :

च) नजिकको वजार :

६. अनुभव/तालीम : क) ...................................................... .....................................

ख) ........................................................ ..................................

७. संस्थागत वा नीजि फार्म :

क) दर्ता,नविकरण, करचुक्ता, लेखा प्रतिवेदन : ............................ ................................

ख) उत्पादित वस्तुको सहजै वजारिकरण हुन सक्ने अवस्था : ...........................................

८. वातावरणिय क्षति तथा पार्न सक्ने असर : ....................................................................

९. जैविक तथा पर्यावरणीय सुरक्षाको अवस्था/प्रयोग विधि : .............................. .....................

.............................. ..................................... .................................. ..........................

१०. प्रस्तावित कार्ययोजना वारे स्थलगत टोलीको राया : ............................ ............................

.............................. ................................ ................................. ................................

संचालकको दस्तखत :
फार्मको छाप :
मिति :

स्थलगत अनुगमन कर्ताको सहि :
नाम, पद :
कार्यालयको छाप :
मिति :

**अनुसूची-६**

मुल्यांकनका आधार तथा मुल्याङ्कन फारम

| क.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्य योजना (२०) | व्यावसाय संचालनका लागी उपयुक्त पानीको श्रोत (२०) | तालिम (१०) | माछा पालन भइरहेको अवस्था र पोखरीको संख्या (१०) | जग्गाको अवस्था (१५) | छिमेकी तथा समुदायमा पर्न जाने असर (१०) | जैविक तथा पचावरणीय सुरक्षा विधि (१५) | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |

मुल्यांकन समितिका संयोजक :
नाम थर :
पद :
दस्तखत :
मिति :

मुल्यांकन समितिका सदस्य :
नाम थर :
पद :
दस्तखत :
मिति :

मुल्यांकन समितिका सदस्य :
नाम थर :
पद :
दस्तखत :
मिति :

१. विषयगत तालिम :

क) ७ दिने ८ अंक
ख) १५ दिन ९ अंक
ग) ३० दिने वा सो भन्दा माथि १० अंक

२. माछा पालनका लागी पानीको अवस्था :

क) नीजि जग्गामा मुहान भएको पुर्ण समय उपयोग गर्न मिल्ने, २० अंक
ख) सामुदायीक क्षेत्रमा मुहान भएको पोखरीमा पानी ल्याउदा कुनै समुदायलाई असर नगर्ने, १८ अंक
ग) सिमसार तथा खोलामा वगी आउने परापुर्व समय वाट भोगचलन हुदै आएको पानीको श्रोत, १६ अंक

**अनुसूची-७**

द्धिपक्षी सम्झौता पत्रको नमुना

छथर जोरपाटी गाउँपालिकाको कार्यालय धनकुटा मार्फत संचालन गरिने चालु आ.व २०७ /७ को स्वीकृत मत्स्यपालन पोखरी निमार्ण तथा माछा भुरा वितरण कार्यक्रम संचालन गर्न पशुपंन्छि शाखा (यस भन्दा पछाडी पहिलो पक्ष भनिने) र विशिष्टताको आधारमा छनौट भएका व्यवसायी श्री/सुश्री/श्रीमती ................ ....... ........ ..... ..... ..................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) वीच तपशीलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमती भएको छ ।

**तपशिल**

१. छनौंटमा परेका प्रस्तापकले कार्ययोजन अनुसार नयाँ मत्स्य पोखरी कम्तिमा एक रोपनी (५०८ वर्ग मिटर) क्षेत्रफल भएको १.५- २.० मिटर गहिराई र २.५-३.० मिटर डील रहेको ............ वटा निमार्ण गर्नु पर्नेछ ।

२. नयाँपोखरी निमार्णमा दोश्रो पक्षले अनुदान वाहेक २५ प्रतिशत नीजि लगानी गर्नु पर्नेछ र यसरी खनेको पोखरीमा अनिवार्य माछा भुरा लगाउनु पर्नेछ ।

३. दोश्रो पक्षले व्यवसाय संचालनको लागि कार्ययोजन अनुसार कार्यसम्पन्न पस्चात १ वा २ किस्तामा वा एकै किस्तामा प्रोपईटरको वैक खातामा जम्मा हुने गरी ड्राफ्ट, चेक वा कार्य विधि अनुसार सामाग्री अनुदान उपलव्ध गराईनेछ ।

४. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक जानाकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारका कार्यक्रमहरु व्यवसायीक रुपले संचालन गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले कार्यक्रम संचालन गर्दा सामाजिक, वातावरणीयमैत्री, भौगोली अवस्था नविग्रने गरी जैविक सुरक्षाका विधिहरुलाई उपयोग गर्ने गरी पोखरी निमार्ण गर्नु पर्नेछ ।

६. दोश्रो पक्षले आफ्नो व्यवसाय संचालित स्थानमा देखीने गरी लागत सहितको वोर्ड राख्नु पर्नेछ । संचालित कार्यक्रमको पहिलो पक्षले नियमित रुपमा अनुगमन निरिक्षण गर्नेछ ।

७. यस सम्झैातामा उल्लेखित काम गर्दा परिआउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपतमा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

८. अनुदान प्राप्त गर्ने मत्स्यपालक व्यवसायी, फार्म संचालकले कम्तीमा १० वर्ष सम्म आफ्नो व्यवसायलाई निरन्तरता दिनु पर्नेछ ।

९. कार्यविधिमा उल्लेख भए अनुसारका मासिक, चौमासीक, वार्षिक लगायत प्रगती विवरण दोश्रो पक्षले पहिलो पक्षलाई अनिवार्य नियमित वुझाउनु पर्नेछ ।

१०. यस सम्झैतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नेपाल कानुन वमोजीम हुनेछ ।

| **पहिलो पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| गाउँपालिका/पशुपंन्छि शाखाको तर्फ वाट सहि गर्ने | युवा उद्यमी/संस्थाको तर्फ वाट सहि गर्ने |
| नाम : | नाम : |
| पद: | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| फोन नं. | सम्पर्क मो. नं. |
| कार्यालयको छाप : | संस्थाको छाप : |